दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३६ | अंक ३२७ | बुटवल | २०८१ मंसिर १९, गते बुधबार | नेपाल संवत ११४५ | Wednesday Dec. 04, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## बुटवल-गोरूसिङ्गे सडक विस्तारः

# पूर्व तयारी धमाधम, मुख्य काम माघबाट

**बुटवल-नारायणगढ सडकमा जस्तो सवारी साधन र यात्रुलाई सास्ती हुन नदिन बुटवल-गोरूसिङ्गे सडक विस्तार गर्दा अहिलेको पिच नभत्काई दायाँ र बायाँतर्फको लेन बनाएर मात्र बिचको सडक बनाउने तयारी छ।**

**टिआर शर्मा**
*बुटवल*

बुटवल-गोरूसिङ्गे सडक विस्तारको काम अबको दुई महिनापछि माघबाट मात्रै सुरु हुने भएको छ। तत्कालीन राजा महेन्द्रको पालामा वि.सं. २०१९ सालमा बनेको बुटवल-गोरूसिंगे सडक खण्ड ६२ वर्षपछि विस्तार हुन लागेको हो। ५० किलोमिटर लामो दुरीको सडक विस्तार गर्नुअघि निर्माण व्यवसायीले सडक क्षेत्रमा पूर्व तयारीको काम भने सुरु गरेका छन्। चिनियाँ निर्माण कम्पनी सान्सी कन्स्ट्रक्सन इन्जिनियरिङ ग्रुप कर्पोरेसन र चितवनको आशिष निर्माण सेवा जेभीले उक्त सडक विस्तारका लागि १३ अर्ब ५५ करोड ९५ लाख ९६ हजार रुपैयाँमा काम पूरा गर्ने गरी गत असार १३ गते ठेक्का लिएको हो।




सडक विस्तार क्षेत्रभित्रका पालिकाहरुले बुटवल-नारायणगढ सडक निर्माणका क्रममा भोग्नुपरेको सास्ती नहोस् भन्ने विषयमा ध्यानाकर्षण गराएअनुसार पहिले दायाँ र बायाँ लेन बनाएपछिमात्र बिचको पिच भत्काएर नयाँ बनाउने गरी योजना बनाएको आयोजनाले जनाएको छ।

विस्तार हुने सडक क्षेत्रको नापजाँच, सर्भे, विद्युत् पोल सार्ने, सडक क्षेत्र मिचेर बनेका संरचना खाली गराउने र माटो परीक्षणको काम भैरहेको तथा रुख कटानको सबै प्रकृया पूरा भैसकेको आयोजनाको भनाइ छ।

सडक विस्तारकै लागि सडक किनारमा रहेका करिव सात हजार बढी रूख काट्न सडक विभागले स्वीकृति दिइसकेको छ।

आयोजना प्रमुख कुशलता न्यौपानेले ठूलो परियोजना भएकाले पूर्व तयारीका काम धेरै हुने र अन्तर्राष्ट्रिय परामर्शदाताले निर्माण सामग्रीको गुणस्तर परीक्षण गरेर मात्र निर्माणको अनुमति दिने भएकाले पूर्व तयारीको काम धमाधम भैरहेका बताइन्। 'सडक विस्तारका क्रममा आवश्यक पर्ने पूर्व तयारीअन्तर्गत निर्माण सामग्रीहरु ठाउँ-ठाउँमा भण्डारण गर्ने, सडक क्षेत्राधिकारमा पर्ने संरचनाहरु हटाउने, कटान गर्ने रुखको अन्तिम गणना गर्ने, पुल बनाउने र अण्डरपास हुने स्थानको माटो परीक्षण गर्ने लगायतका काम भइरहेको छ,' इन्जिनियर न्यौपानेले भनिन्-'सडक खनेर निर्माण कार्य माघदेखि मात्रै सुरु हुन्छ, बुटवल-नारायणगढ सडकमा जस्तो सवारी साधन र यात्रुलाई सास्ती हुन नदिन अहिलेको पिच नभत्काइ दायाँ-बायाँको काम गरेर मात्र बिचको सडक पछि बनाउने तयारी छ।'

बुटवल गोरूसिंगे ५० किलोमिटर सडक विस्तारको क्रममा सात हजार रुख कटानका लागि अहिले रुख मार्किङ गर्ने काम सम्पन्न भैसकेको र सडक क्षेत्रभित्र बनेका संरचनालाई घर धनीले आफैं घर भत्काएर क्षतिपूर्ति समेत लिइसकेको इञ्जिनियर न्यौपानेले बताइन्।

आयोजनाका अनुसार ५० किलोमिटर सडक दुई चरणमा २५-२५ किलोमिटर गरि विस्तार गर्न लागिएको हो। यो सडकमा गाडी गुडाउन मिल्ने ६ वटा अण्डरपास, पैदल यात्रुका लागि १२ वटा अण्डर पास र ११ वटा ओभरहेड ब्रिज, वन्यजन्तु वारपार गर्ने ठाउँमा १९ वटा अण्डर पास बनाइने छ।

पहिलो चरणका लागि ७ अर्ब ८९ करोड ४३ लाख र दोस्रो चरणका लागि ५ अर्ब ६६ करोड २२ लाखमा ठेक्का लागेको हो। पहिलो चरणमा सडक विस्तारसँगै ३० वटा पुल निर्माण हुनेछ भने १४९ वटा कल्भर्ट पनि निर्माण हुनेछ। आयोजनाका अनुसार सडक विस्तारको काम सहरी क्षेत्रमा ५० मिटर, सहरोन्मुख क्षेत्रमा ३७ दशमलब ४ मिटर र जंगल क्षेत्रमा २४ मिटर चौडाइ कायम हुनेछ।

ठेक्का सम्झौता भएको मितिले तीन वर्षभित्र सडक निर्माण सक्ने सम्झौता छ।

बुटवलदेखि गोरुसिंगेसम्मको करिब ५० किलोमिटरको काम पूरा भएपछि लगत्तै चन्द्रोटासम्मको सडक विस्तारको प्रक्रिया अगाडि बढाउने संघीय सरकारको तयारी छ।

अहिले गोरुसिंगे-चन्द्रौटा सडक खण्ड १९ किलोमिटरका लागि डिजाइनको काम भइरहेको छ।

बाक्लो बस्ती भएका सहरी क्षेत्रका चोकहरुमा सडकलाई ५० मिटरमा फराकिलो बनाइने र रणनीतिक सडकहरु जोडिने क्षेत्रमा अध्ययनपश्चात् गाडी नै वारपार गर्न मिल्नेगरी 'भेहिकल अण्डरपास' निर्माण गरिने आयोजनाका कार्यालय प्रमुख इन्जिनियर न्यौपानेले बताइन्। बुटवलमा पर्ने जितगढी बेलबास चोक, नयाँगाउँ चोक, तामनगर चोक, सैनामैनाका मुर्गिया बजार र बुद्धनगर चोक तथा कपिलवस्तुको चार नम्बर जितपुर चोकमा 'भेहिकल अण्डरपास' बनाउने गरी लागि माटो परीक्षणको काम भइरहेको न्यौपानेले बताइन्।

» बाँकी ३ पेजमा

## उप-निर्वाचनमा उत्साहजनक सफलता : प्रचण्ड



काठमाडौं। नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दहाल प्रचण्डले उप-निर्वाचनबाट पार्टीले उत्साहजनक सफलता प्राप्त गरेको बताएका छन्। निर्वाचित जनप्रतिनिधिको संख्या र जनमत दुवै हिसाबबाट उत्साहजनक सफलता हासिल गरेको उनको भनाइ छ।

मंगलबार प्रेस विज्ञप्ति जारी गर्दै अध्यक्ष प्रचण्डले भनेका छन्-'हाम्रो पार्टीले यो निर्वाचनलाई भ्रष्टाचारका विरुद्ध र सुशासनका पक्षको नयाँ संकल्पको रुपमा लिएको थियो। खासगरी हाम्रो पार्टी नेतृत्वको सरकारले अघि सारेको सुशासन, सामाजिक न्याय र आर्थिक समृद्धिको एजेण्डालाई जनस्तरसम्म पुऱ्याउँदै पार्टीको आगामी बाटो र दृष्टिकोण सुस्पष्ट गर्ने अवसरको रुपमा उप-निर्वाचनलाई लिएका थियौं। निर्वाचित जनप्रतिनिधिको संख्या र जनमत दुबै हिसाबबाट पार्टीले उत्साहजनक सफलता प्राप्त गरेको छ।'

विभिन्न स्थानमा अवाञ्छित गठबन्धन बनेका बावजुद गठबन्धनलाई पनि चिर्न पार्टी सफल भएको प्रचण्डको निष्कर्ष छ। यसबाट माओवादी केन्द्रले अघि सारेका एजेण्डा र अघि बढाउन खोजेको अभियानको जनताले अनुमोदन गरेको पुष्टि हुने प्रचण्डको ठहर छ। उनले आगामी दिनमा सुशासन, सामाजिक न्याय र आर्थिक समृद्धिको मूल एजेण्डामा केन्द्रित रहेर सबै जनप्रतिनिधिलाई पूर्णरुपमा जनताको सेवामा परिचालन गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्।

'यो उप-निर्वाचनमार्फत् जनताले प्रकट गरेको अभिमतलाई हाम्रो पार्टीले आफ्नो एजेण्डा र आफ्नै एकल पहिचानका साथ प्रतिस्पर्धा गर्न प्राप्त गरेको जनादेशको रुपमा लिनेछ,' प्रचण्डले विज्ञप्तिमा लेखेका छन्-'यो अपार जनविश्वासलाई अझ सुदृढ बनाउँदै जनताको जीवनस्तर बदल्ने अभियानलाई दृढतापूर्वक अघि बढाउने प्रतिबद्धता व्यक्त गर्दछु।'

## चितवनमा रविको बयान आज पनि



बुटवल। सहकारी ठगी प्रकरणमा रास्वपा सभापति रवि लामिछानेको बयान सुरु भएको छ। मंगलबारबाट सुरु भएको बयान आज बुधबार पनि जारी रहने बताइएको छ।

सरकारी वकिलको कार्यालयमा जिल्ला न्यायाधीवक्ता शान्ति प्रसाद लुइँटेलको रोहबरमा लामिछानेको बयान भएको हो।

जिल्ला प्रहरी कार्यालय चितवनका डीएसपी ज्ञानकुमार महतोका अनुसार मंगलबार नसकिएपछि बुधबार पनि उनको बयान लिइनेछ।

चितवनमा पनि सहकारी ठगीको उजुरी परेपछि लामिछानेलाई मंगलबार बिहान चितवन लगिएको थियो।

चितवनमा सहारा चितवन सहकारी लिमिटेडको रकम हिनामिना गरेको आरोपमा लामिछानेविरुद्ध गत मंसिर ५ गते पूरक जाहेरी दर्ता भएको थियो।

» बाँकी ३ पेजमा

## दुर्गा प्रसाईं थप चार दिन हिरासतमा

बुटवल। साइबर अपराधको कसूरमा पक्राउ परेका मेडिकल व्यवसायी दुर्गा प्रसाईंलाई थप चार दिन हिरासतमा राख्न अदालतले अनुमति दिएको छ।

जिल्ला अदालत काठमाडौंले आइतबार उनलाई थप चार दिन हिरासतमा राखेर अनुसन्धान गर्न अनुमति दिएको साइबर ब्यूरोका डीआइजी नविन्द अर्यालले बताए।

अदालतले ५ मंसिरमा पक्राउ परेकै दिन उनलाई प्रधानमन्त्री ओलीविरुद्ध अफवाह फैलाएको आरोपमा अनुसन्धान गर्न पाँच दिन हिरासतमा राख्न अनुमति दिएको थियो। प्रहरीले प्रसाईंले विद्युतीय अपराध नियन्त्रण ऐन, २०६३ विपरीतको कसुर गरेको भन्दै उनलाई पक्राउ गरेको थियो। त्यसपछि मंसिर ९ गते प्रसाईंलाई पाँच दिन हिरासतमा राख्न अदालतले अनुमति दिएको थियो।

महान्यायाधीवक्ताको कार्यालयले भने विद्युतीय अपराध नियन्त्रण ऐनसँगै मुलुकी फौजदारी संहितामा उल्लेखित बेइज्जती गर्न नहुने कसुर, झुठा प्रमाण बनाउन नहुने, राष्ट्रपति वा सांसद्लाई धम्की दिन नहुनेलगायतका कसुरमा पनि अनुसन्धान हुनसक्ने राय दिएको थियो।

प्रसाईंले सोमबार प्रधानमन्त्री केपी शर्मा ओलीको कम्बोडियामा रहेको एक्जिएटा कम्पनीमा लगानी रहेको अभिव्यक्ति दिएका थिए।

» बाँकी ३ पेजमा

## चीनले साढे पाँच अर्ब अनुदान दिने



काठमाडौं। चीनले नेपाललाई विभिन्न परियोजना सञ्चालन गर्न पाँच अर्ब ६० करोड रुपैयाँ अनुदान दिने भएको छ। प्रधानमन्त्री केपी शर्मा ओलीको भ्रमणका क्रममा चिनियाँ सहयोगमा निर्माण हुने परियोजना सञ्चालन गर्न नेपाल र चीनबीच आर्थिक तथा प्राविधिक सहयोग सम्बन्धी सम्झौता भएको छ।

यो सहायताबाट चीन र नेपालले पहिचान गरेका परियोजनाहरु चिनियाँ सहयोगमा बन्ने अर्थ मन्त्रालयका अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा प्रमुख धनीराम शर्माले बताए।

यसअघि सन् २०१७ मा पनि यस्तै सम्झौता भएर खासगरी उच्च पहाडी र हिमाली क्षेत्रमा चिनियाँ सहयोगमा परियोजनाहरु निर्माण भएका थिए। त्यसैको निरन्तरता स्वरुप यो सम्झौता भएको उनले बताए।

त्यस्तै, चीनले नेपाल सरकारलाई बजेटरी सहयोग गर्ने गरी नगद सहयोगसम्बन्धी सम्झौता पनि भएको छ। यो सम्झौताअन्तर्गत कति नगद सहयोग प्राप्त हुने भन्ने चाहिँ खुलेको छैन।

यसका अतिरिक्त चीन सरकारसँग नेपालसँग सन् २०२४ देखि २०२९ सम्म विभिन्न विकास योजनामा सहयोग लिनेसम्बन्धी एमओयू पनि भएको छ। यो एमओयूमा कति रकम नेपालले प्राप्त गर्ने भन्ने उल्लेख नभए पनि त्यसरी प्राप्त हुने रकम अनुदान नै हुने विषय उल्लेख भएको सहसचिव शर्माले बताए।

साथै, चीनले लामो समयदेखि निर्माणको प्रतिबद्धता गरेको टोखा-छहरे सुरुङमार्गको सम्भाव्यता अध्ययनका लागि पनि सघाउने भएको छ। यससम्बन्धी समझदारीपत्रमा पनि नेपाल र चीनबिच हस्ताक्षर भएको छ। असोज २०७६ मा चिनियाँ राष्ट्रपति सी चिनफिङ नेपाल भ्रमणमा आएका बेला टोखा-छहरे-गुर्जुभञ्ज्याङ र बेत्रावती-रसुवागढी (घट्टेखोला) सुरुङमार्गको अध्ययन गर्ने जिम्मा चीनले लिने सहमति भएको थियो। तर, अहिलेसम्म पनि परियोजनाको सम्भाव्यता अध्ययन हुन सकेको छैन। आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए) भने नेपालले गर्नुपर्नेछ।

साथै, नेपाल र चीनबीच व्यापार प्रवर्द्धन गर्नेसम्बन्धी समझदारी पनि भएको छ। वाणिज्य मन्त्रालयका एक अधिकारीका अनुसार चीनको प्रस्तावमा व्यापार प्रवर्द्धनमा पारस्परिक सहयोगसम्बन्धी सम्बन्धित समझदारी पत्रमा हस्ताक्षर भएको हो।

सन् २०१६ मै नेपाल र चीनबिच स्वतन्त्र व्यापार सम्झौता गर्ने सहमति भए पनि हालसम्म त्यो हुन सकेको छैन। प्रधानमन्त्रीको चीन भ्रमणमा क्रममा स्वतन्त्र व्यापार सम्झौता भने एजेन्डामै थिएन।



## सम्पादकीय

# बुटवलमा सीसी क्यामेरा

बुटवल उप-महानगरपालिकाले मुख्य चोक र बजार क्षेत्रमा सीसी क्यामेरा जडान गरेर नगरलाई प्रविधियुक्त बनाउनु सकारात्मक छ। सीसी क्यामेराको प्रयोगले अपराधिक गतिविधि न्यूनीकरणमा सघाउ पुग्ने र न्यून मानवीय जनशक्तिले पनि काम चलाउन सकिने भएकाले अहिले सीसी क्यामेरा प्रभावकारी मानिन्छ।

बुटवल दुई राजमार्गको मिलनविन्दु हो। पूर्व पश्चिम महेन्द्र राजमार्ग र सुनौली-पोखरा सिद्धार्थ राजमार्गको मिलनविन्दु भएकाले जताततैका मान्छेहरुको आवागमन भइरहने थलो हो। यो तराई र पहाडको प्रवेशद्वार पनि हो। भारतीय सीमाको समेत नजिक पर्ने बुटवल मुलुकको महत्वपूर्ण व्यापारिक शहर मात्रै नभएर रणनीतिक महत्वको ठाउँ पनि हो। अत्याधिक मान्छेको आवतजावत हुने ठाउँमा सुरक्षा सतर्कतामा ध्यान नदिने हो भने कुनै अपराध भइसकेपछि अभियुक्त फेला पार्न समस्या हुन्छ। बढ्दो सवारी चापले दुर्घटनाको जोखिम बढिरहेकाले दुर्घटना भइसकेपछि घटनामा संलग्न सवारी र चालक फेला नपर्ने जोखिम उत्तिकै हुन्छ। सीसी क्यामराको सहायताले मान्छेको निगरानी गर्न सकिने र दुर्घटनाको अवस्था बारे पनि हेर्न सकिन्छ। केही महिनाअघि कोहलपुरमा एउटा लुटपाटको घटनाको अनुसन्धान गर्दा प्रहरीले सीसी क्यामराको सहायता लिएको थियो। सीसी क्यामरामा देखिएका व्यक्तिलाई शंकास्पद मान्दै खोजी गरी अनुसन्धान गरेको थियो। अन्ततः अनुसन्धानबाट तिनै शंकास्पद मानिएका व्यक्ति घटनाका अभियुक्त भएको पुष्टि भयो। बुटवलमा पनि अपराध अनुसन्धानमा सीसी क्यामरा प्रभावकारी हुनसक्छ। वडा नम्बर ४, ५, ७ र ८ का मुख्य स्थानहरुमा १ सय २५ वटा सीसी क्यामेरा जडान भएकाले पक्कै पनि नगरको शान्ति सुरक्षा सबल बनाउन सघाउ पुग्नेछ।

सीसी क्यामेरा जडानले मात्रै समस्याको समाधान गर्दैन। सीसी क्यामराको रेखदेख पनि आवश्यक छ। सीसी क्यामेरालाई अपराधिक स्वभावका व्यक्तिले नष्ट गर्न सक्छन्। उप-महानगरपालिकाले जडान गरेको क्यामरा जोगाउन समुदायको पहलकदमी आवश्यक छ। पहिले यहाँका विभिन्न व्यवसायिक संघसंस्था मिलेर सीसी क्यामेरा जडान गरेका थिए। ती क्यामरा लामो समय टिक्न सकेनन्। मर्मतसंभारको अभावमा केही वर्षमै ती क्यामराले काम गरेनन्। उप-महानगरपालिकाले अहिले जडान गरेका क्यामराको नियमित मर्ममलाई ध्यान दिनुपर्छ। त्यसो भयो भने जुन प्रयोजनले क्यामरा जडान भयो, त्यसको नतिजा देखिन्छ।

आगामी वर्षहरुमा पनि सीसी क्यामेरा जडानलाई निरन्तर राख्नुपर्छ। नगरको हरेक टोलमा अनिवार्य सीसी क्यामरा राख्ने प्रबन्ध मिलाउनुपर्छ। प्रविधियुक्त नगर बनाउँदा नागरिकको मनोबल बढ्छ। शान्ति सुरक्षाको वातावरण बन्छ। प्रहरी र स्थानीय सरकारबिचको सहकार्यको वातावरण बन्छ। अन्ततः स्थानीय सरकारप्रति नागरिकको भरोसा र विश्वास बढ्छ।

# युवाशक्ति पलायन हुँदा उप–चुनावमा पनि कांग्रेस एमालेकै हाली मुहाली



किरण अधिकारी

*लोकतन्त्र, अथवा नौलो गणतन्त्र, जसमा जनताबाट प्रत्यक्ष निर्वाचित कार्यकारी देशको प्रमुख हुने व्यवस्था नै अबको आवश्यकता हो। त्यसको लागि देशमा नयाँ नेतृत्व नयाँ आवश्यक छ। पुराना दलहरूको विकल्प मा नयाँ दल चाहिएको छ, जसले अब देशलाई आर्थिक उन्नतिको बाटोमा अगाडि बढाउने सामर्थ्य राख्ने छन्, देशमै रोजगारीको व्यवस्था गर्ने छन्, देशलाई अब आर्थिक क्रान्तिको बाटोमा डोऱ्याउने छन्, देशलाई समृद्धिको बाटोमा अग्रसर गराउने छन्, कोही त छन् जसलाई जनताले विश्वास गर्नुपर्ने बेला आएको छ।*

व्याप्त बेरोजगारी ले हाम्रो समाजलाई थला पारेको छ, त्यही बेरोजगारी को थिचोमिचोमा परेर विदेशमा रोजगारीका अवसरहरू खोज्दै देश छाड्ने युवाहरुको हरूको भिड एकदमै ठूलो छ। त्यही भिडलाई एमाले कांग्रेस जस्ता पुराना राजनीतिक दलहरुले चुनाव जित्ने ब्रह्मास्त्र रूपमा प्रयोग गरिरहेका छन्। किनकी देशमा जति-जति युवा शक्ति घट्दै जान्छ, उति-उति आफूहरु शक्तिशाली बन्दै जाने मनस्थितिमा बाचिरहेका छन्, एमाले कांग्रेस, त्यसैले जति पटक चुनाव गरे पनि जित्ने तिनै कांग्रेस एमाले नै हुन्, किनकी अलिकति जाने बुझेका नागरिकलाई जति सक्दो छिटो देशबाट लखेट्ने क्रममा छन्, युवा देशमा नहुनु उनीहरुलाई फाइदा हो। युवा शक्तिलाई देशबाट पलायन बनाएपछि देशमा रहेका सोझा साझा बा-आमा उमेरका नागरिकलाई झुटा आश्वासन देखाएर हुन्छ कि, दुई/चार पैसा दिएर हुन्छ, या व्यक्तिगत केही काम गरिदिएर हुन्छ, के गरेर हुन्छ, कसो गरेर हुन्छ, भोट किन्ने षड्यन्त्रको राजनीति, होइन लाजनीति गरिरहेका छन्, आजसम्म। युवाशक्ति घर-घरमा नहुँदा एमाले कांग्रेसहरूलाई भोट किन्न सहज भएको छ।

त्यो भोट किन्ने सहजतालाई कहिले पनि अप्ठ्यारो पार्न उनीहरु चाहँदैनन्, त्यसैले देशबाट युवा शक्ति लखेटिरहेका छन्। देशमै केही गर्छु राजनीतिमा लागेर नागरिकको सेवा गर्छु, देशमा केही परिवर्तन गर्छु भनेर राजनीतिमा जो आउन खोज्दछ उसलाई कसरी हुन्छ सिध्याउन खोजिरहेका छन्, कतीलाई सिध्याई पनि सके, कसैलाई सिध्याउने खेलमा लागिरहेका छन्, लाग्छ की यो देश एमाले कांग्रेसकै पेवा हो, नेपालको राजनीतिमा अरूलाई प्रवेश निषेध, जस्तै किसिमको व्यवहार देखाउँदै आएका छन्।

कांग्रेस एमालेले चुनाव जित्नु भनेकै देश अझैं टाट पल्टिनु हो, कती दशक भैसक्यो पुराना दलहरूको रजगज, तर देशमा न रोजगारीका अवसरहरु सिर्जना भएका छन्। न हुनेवाला छन्, देशलाई समृद्धिको बाटोमा अगाडि बढाउने कुनै आधार स्तम्भ अझैं बन्न सकेका छैनन्, देश बनाउनुत परको कुरा देशमा भएका कल कारखानाहरू त बेचेर खाए, आज देशलाई झन झन नाजुक स्थितिमा पुऱ्याएका छन्। एउटा राजनैतिक दलकी नेत्री ले भन्दै थिन केही दिनअघि- "यी एमाले कांग्रेसलगायत पुराना दललाई स्विजरल्याण्ड जस्तो देशमा शासन गर्न दिने हो भनेदेखि केही वर्षमै स्विजरल्याण्ड जस्तो देशलाई सोमालिया बनाउँछन्" भनेर सायद यथार्थमा बुझ्दा सही होकी जस्तो पनि लाग्छ।

जबजब देशमा भ्रष्टाचारी, दलाल, देश बेचुवा र पार्टीका झोले कार्यकता सिवाय आम नागरिक बस्न नसकिने वातावरण सिर्जना हुन्छ, त्यो देशको द्रुगति सुरु हुन्छ, अहिले नेपालमा ठ्याक्कै त्यस्तै भएको छ।

आम सर्वसाधारण नागरिकलाई दुई छाक जोह गर्नलाई मात्र मुग्लान पस्नु पर्ने स्थिति सिर्जना हुन्छ भने त्यो देशमा शासन गर्ने शासकहरूलाई नालायक भ्रष्टचारी भन्ने कि देशको विकास गर्ने विकास प्रेमी भन्ने। आम नागरिक आफ्ना झिनामसिना आवश्यकता पूरा गर्न मात्र पनि विवश हुँदै विदेशिनु को विकल्प छैन।

देशमा चुनाव आउँछ जान्छ, मतदान गर्नेहरुलाई खासै सरोकार हुँदैन। सरोकार हुन्छ त कसले कती पैसा दियो, रक्सी, मासु, भात खुवायोकी नाई, बाइकमा कसले पेट्रोल हालिदियो तिनिहरुको मात्र सरोकार हुन्छ, नेता के- कस्तो हो बिगतमा के गर्यो, केही मतलब छैन, यिनिहरुलाई भोट हाल्न अवसर मिल्दा। जो जाने बुझेका छन्, तर विदेशमा छन्, हरेक कुराको सरोकार राख्दछन्, उनीहरुलाई आफ्नो मताधिकार प्रयोग गर्ने अधिकारबाट यो राज्यले वञ्चित गरेको छ। विदेशमा कमाएको पैसाले देशको अर्थतन्त्र चल्छ, अनि विदेशमा रहेका आफ्ना नागरिक को भोट चल्दैन, यो कस्तो शासन व्यवस्था हो।

अहिले कलेजमा अध्ययन गर्ने युवायुवतीहरू पहिले पहिलेभन्दा एकदमै घट्दो अनुपातमा रहेका छन्, आजभोलि युवाहरू देशमा बस्ने कल्पना समेत गर्न छोडी सकेका छन्, धेरै जसो स्कुलमा पढ्ने विद्यार्थीहरूलाई भविष्यमा के बन्ने योजना छ, भनेर प्रश्न गर्दा अधिकांशको सोंच नेपालमा नबस्ने छ। +२ सम्मको अध्ययन सकिसकेपछि विदेशमा पढ्ने, उतै कमाउने, नेपालमा नफर्किने सोंच अहिलेका स्कुल कलेजमा पढ्ने विद्यार्थीहरूको छ।

यस्तो अवस्था सिर्जना हुनुको मुख्य कारण देशमा गुणस्तरीय शिक्षा नहुनु, र जेनतेन राम्रोसँग पढे पनि पढेअनुसारको रोजगारी ग्यारेन्टी नहुनु, जति मिहिनेगरेर लगानी गरेर पढे पनि रोजगारीबाट आम्दानी एकदमै न्यून हुनु र भविष्य उज्ज्वल नदेख्नु, दुःख सङ्घर्ष धेरै गरे पनि उपलब्धि कम हुनु, युवा शक्ति पलायन हुनुको एउटा कारण मान्न सकिन्छ। दुई/चार दिन पहिला कांग्रेसका नेता गगन थापा भन्दै थिए-'आइटीको दुनियाँमा विश्व कहाँ पुगिसक्यो, अब हामीले पनि हाम्रा केटाकेटीहरुलाई आगामी ४/५ वर्ष भित्रमा आइटी टेक्नोलोजी प्रयोग गरी महिनामा ३/४ लाख कमाउने गराउनु हुन्छ, दुबै, कतार, साउदी कोही जानु पर्दैन ' भनेर भाषण गर्न धेरै सजिलो छ। त्यसैको लागि सरकारीस्तरबाट नै आधारशिला तयार बनाउने कहिले, सरकारी स्कूलहरूको हालत के छ, त्यसको सुधार कहिले गर्ने, शिक्षामा व्यापार भैरहेको छ, पैसा हुनेहरूलाई एउटा शिक्षा छ, गरिब दुःखीहरूलाई अर्को शिक्षा छ, शिक्षामा विभेद छ, यसको अन्त्य कहिले गर्ने, सगरमाथा चढ्ने सपना देखाउँदा सुरुको आधारशिविर जान कसरी त्यसको तयारी गर्ने, की आधारशिविर नगई एकैचोटी सगरमाथाको टुप्पोमै जाने, सपना देखाउने, सधैं जनतालाई झुटो, बोलेर र सोझासाझा जनतालाई झुक्याउने र भ्रमको खेती गर्नेहरूले, नै युवाहरूलाई देशबाट लखेटिरहेका छन्।

बोलेर मात्र सबै कुरा हुने भएदेखि आज नेपाल स्विजरल्याण्ड हुने थियो, बोलेर मात्र जनताले पत्याउन छोडिसकेका छन्, किनकी बोलीअनुसारको कुनै पनि नेताले केही गर्न सकेका छैनन्, आजसम्म। हिजोको समय थियो नेताको भाषणलाई पत्याइदिने जमात आज त्यो परिस्थिति छैन। आजभोलिको युवाहरुले परिणाम खोजिरहेका छन्, बोलेर मात्र हुने भएदेखि केपी ओलीले आजसम्म सबै नेपालीको घर-घरमा रेल गुडाउन सुरु गर्थे, घर-घरमा ग्यासको पाइपलाइन बिछ्याइसक्थे, चन्द्रमामा यान पठाइ सक्थे। प्रचण्डले यो देशलाई दक्षिण एसियाकै नमूना देश बनाइसक्थे। नेताहरुले बोलेकै आधारमा यो देश विकास हुन्थ्यो भने, आज नेपाल विश्वको सबैभन्दा शक्तिशाली देश बन्थ्यो होला, तर बोली र गराइमा धर्ती र आसमान जत्तिको फरक छ।

त्यसैले त पुराना राजनीतिक दलहरुका नेताहरुप्रति युवाहरुको लगभग आशा मरिसकेको अवस्था छ। यिनीहरु बोल्ने मात्र हो गर्ने केही होइन भन्ने भान आम नागरिकहरूमा परेको छ, न आफूले गर्छन् न नयाँ गर्छु भनेर आएकाहरूलाई गर्न दिन्छन्। गणतन्त्रमा पनि एमाले र कांग्रेसका निरकुंश राणाहरूको जन्म भएको छ।

युवाहरु स्वदेशमा नहुनु देशको लागि संकट हो, देशका युवाहरुलाई देशको राजनैतिक परिपाटीले अवमूल्यन गराइरहेको छ। कुनै पनि क्षेत्रमा युवाहरुवाई प्रोत्साहन दिने खालका काम हुन सकेका छैनन्। युवाहरुले कुनै पनि क्षेत्रमा भविष्य नदेख्दा नेपाल युवाविहीन बन्ने क्रममा छ। अहिलेको २१औं शताब्दीमा विश्व काहाँ पुगिसक्यो यो बदलिँदो संसारबाट युवाहरू नजिक छन्, त्यसैले अहिलेको 'ग्लोबललाइजेसन' सँग रमाउन खोजिरहेको छन्, युवा त्यसलाई अवलम्बन गर्न चाहान्छन्, तर देशमा त्यस किसिमको वातावरण सिर्जना हुन नसक्दा देश छोडेर विदेशीने युवाहरु बढ्दै गएका छन्। नेपालमा पनि विदेशमा जस्तो सेवा सुविधायुक्त विश्वविद्यालय, विदेशमा जस्ता रोजगारीका अवसर, सिर्जना गर्न सकेको खण्डमा मात्र देशमा युवा शक्ति बस्ने अवस्था सिर्जना हुनेछ, यस्तै किसिमको दुषित राजनैतिक परिपाटी रहेसम्म, देशको आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक कुनै क्षेत्रमा परिवर्तन नहुने निश्चित छ।

देशमा ठूलै आर्थिक क्रान्ति नभएसम्म युवाहरुले देशमा उज्ज्वल भविष्य देख्नेको संख्या एकदमै न्यून रहँदै जानेछ। देशमा युवा शक्तिलाई बस्ने वातावरण सिर्जना गर्ने हो भनेदेखि, देशको यो राजनैतिक परिपाटीलाई सुधार गरी देशको नेतृत्व तहमा इमान्दार भिजन भएका, जनतालाई माया गर्ने देशलाई माया गर्ने, पढेलेखेका क्षमता भएका व्यक्तिहरू आउनु जरूरी छ। तब मात्र देशले मुहार फेर्नेछ। यी पुराना राजनीति दलले केही नगरेका पनि होइन, धेरै ठूलो कुरा त देशमा राजनैतिक परिवर्तन गरे, राणादेखि राजा, पञ्चायतदेखि राजतन्त्रसँग संघर्ष गरेर अहिले देशमा संघीय लोकतान्त्रिक गणतन्त्र संस्थागत भएको छ।

राजनैतिक परिवर्तन त गरे, तर बिगतको १ दशकभन्दा बढी आर्थिक परिवर्तनमा केही पनि गर्न सकेनन्, आर्थिक परिवर्तन गर्न सक्ने ल्याकत अहिलेका पुराना दलहरुसँग छैन त्यसको लागि असक्षम छन्।

देश अहिले लोकतान्त्रिक व्यवस्थामा छ, तर नागरिकले सास्ती खेप्नुपरेको छ, गरिबीको रेखामुनि बाँच्नुपरेको छ। शिक्षा, स्वास्थ्य, रोजगारी कुनै पनि क्षेत्रमा सापेक्षिक परिवर्तन हुन सकेको छैन, परिवर्तन हुन नसक्ने केही कारक त छ, जसले यी कुराहरूलाई रोकिरहेको छ। यो लोकतान्त्रिक व्यवस्थामा पनि कैयौं कमजोरीहरू रहेका छन्। लोकतन्त्र भित्रका कमीकमजोरीहरूलाई सुधार गरी सुधारीएको लोकतन्त्र, अथवा नौलो गणतन्त्र, जसमा जनताबाट प्रत्यक्ष निर्वाचित कार्यकारी देशको प्रमुख हुने व्यवस्था नै अबको आवश्यकता हो। त्यसको लागि देशमा नयाँ नेतृत्व नयाँ आवश्यक छ। पुराना दलहरूको विकल्पमा नयाँ दल चाहिएको छ, जसले अब देशलाई आर्थिक उन्नतिको बाटोमा अगाडि बढाउने सामर्थ्य राख्ने छन्, देशमै रोजगारीको व्यवस्था गर्नेछन्, देशलाई अब आर्थिक क्रान्तिको बाटोमा डोऱ्याउने छन्, देशलाई समृद्धिको बाटोमा अग्रसर गराउने छन्, कोही त छन्, जसलाई जनताले विश्वास गर्नुपर्ने बेला आएको छ।

# नेप्से परिसूचक १७ दशमलव ८० अङ्कले बढ्यो



काठमाडौं। नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक १७ दशमलव ८० अङ्कले बढेर दुई हजार सात सय ७५ दशमलव ८५ अङ्कमा पुगेको छ। मंगलबार विभिन्न तीन सय सात कम्पनीका एक करोड ८१ लाख ६० हजार ३४ हजार कित्ता शेयर रु आठ अर्ब ५२ करोड १२ लाख १९ हजार दुई सय ९९ दशमलव ६७ मा कारोबार भएको नेप्सेले जनाएको छ।

कारोबारमा उपसमूहतर्फ ट्रेडिङ पाँच दशमलव ९६ प्रतिशतले बढेको भने फाइनान्स, जलविद्युत्, जीवन बीमा, म्यानुफ्याक्चरिङ एण्ड प्रोसेसिङ र म्यूचुअल फण्डमा पनि हरियाली देखिएको छ। साथै बाँकी उपसमूहमा रातो देखिएको छ।

दुई वटा कम्पनी दिव्यश्वरी जलविद्युत् लिमिटेड र इन्वा जलविद्युत् लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने खानीखोला जलविद्युत्, जोशी जलविद्युत् विकास कम्पनी र सुपर मादी जलविद्युत् कम्पनीको शेयर मूल्य समान नौ दशमलव ९९ प्रतिशतले बढेको छ।

त्यसैगरी अपर स्याङ्गे जलविद्युत् लिमिटेडको नौ दशमलव ५१ प्रतिशत, जानकी फाइनान्स कम्पनी लिमिटेडको छ दशमलव १८ प्रतिशत, गुराँस लघुवित्त वित्तीय संस्थाको तीन दशमलव ४६ प्रतिशत, युनिक नेपाल लघुवित्त वित्तीय संस्थाको तीन दशमलव ४६ प्रतिशत र समाज लघुवित्त वित्तीय संस्थाको शेयर मूल्य तीन दशमलव ४४ प्रतिशतले घटेको नेप्सेले जनाएको छ।

## टिप्स / जानकारी

# बच्चाको ब्रेनको विकासका लागि के खुवाउने ?

बच्चाको शरीरको विकास उसको खानपानमा निर्भर गर्छ। यसका साथै मानसिक विकास पनि स्वस्थ र पौष्टिक आहारमा भर पर्छ। यदि बच्चाको आहारमा जरुरी सबै पौष्टिक तत्व छ भने मानसिक विकास पनि तीव्र रुपमा हुन्छ।

सामान्यतः व्यक्तिको दिमागको पूर्ण विकास ५ वर्षको उमेरसम्ममा हुन्छ। यस्तो अवस्थामा खानपानमा विशेष ध्यान दिनुपर्छ। बच्चाको खानामा प्रोटिन, कार्बोहाइड्रेट, फ्याटी एसिडयुक्त आहारा चाहिन्छ। यसले शरीर र दिमागको उर्जा कायम राख्छ।

बालबालिकाको मष्तिष्कको विकासका बारेमा गरिएको एक अध्ययनमा आमाको खानपानको असर बच्चाको दिमागमा पर्ने तथ्य सार्वजनिक भएको थियो। यदि आमाले गर्भावस्थामा ओमेगा ३ फ्याटी एसिडयुक्त खाना बढी सेवन गर्छिन् भने बच्चाको दिमाग तेज हुन्छ।

अमेरिकन एकेडेमी अफ पेडियाट्रिक तथा नेशनल इन्सिच्युट अफ चाइल्ड एण्ड ह्युमन डेभलपमेन्ट र सेन्ट्रल फर डिजिज कन्ट्रोलले संयुक्त रुपमा गरेका यो अध्ययनअनुसार ओमेगा ३ फ्याटी एसिड म्याकरेल, टुना, सारडाइन्स र सालमल माछामा बढी हुन्छ।

यसैले बच्चाको स्वस्थ र तेज दिमागका लागि आमाले गर्भावस्थामा यस्ता पदार्थ भएको खाद्यपदार्थ सेवन गर्नुपर्छ। यसका अलावा हरियो सागसब्जीमा पनि ओमेगा ३ फ्याटी एसिड पाइन्छ।

**हरियो सागसब्जी**

बच्चाको दिमागको विकासका लागि हरियो सागसब्जी खुवाउनुपर्छ। बच्चालाई ६ महिनापछि ठोस आहार दिइन्छ। त्यसपछि उसलाई खानामा पालुंगो, बन्दा जस्ता सागसब्जी दिन सकिन्छ। यिनमा ओमेगा ३ फ्याटी एसिड पाइन्छ।

**ओखर**

ओखर खानाले पनि दिमाग तेज हुन्छ। ओखरलाई बिहान नास्ता या दिउँसोको खानामा समावेश गर्न सकिन्छ। यसमा ओमेगा ३ फ्याटी एसिडका अलावा फाइबर, भिटामिन बी, म्याग्नेसियम र एन्टी अक्सिडेन्ट अधिक मात्रामा पाइन्छ। यसैले बच्चाको खानामा यसलाई समावेश गर्नुपर्छ। बच्चालाई किसमिस, बदाम पनि खुवाउन सकिन्छ।

**माछा**

९ महिनाको उमेरपछि बच्चालाई मासु र माछा पनि खुवाउन सकिन्छ। बच्चाको दिमागको पूर्ण विकासका लागि माछा खुवाउनाले ओमेगा ३ फ्याटी एसिड पाइन्छ। यसैले गर्भावस्थाकै क्रममा आमालाई माछा खुवाउनुपर्छ।

**दूध र दही**

बच्चाको दिमागी विकासका लागि दूध र दही दिन सकिन्छ। दहीले दिमागको कोषलाई लचिलो बनाउँछ र यसले संकेत लिने र त्यसमा तत्काल प्रतिक्रिया जनाउने क्षमता बढ्छ। चिल्लोरहित दूध प्रोटिन, भिटामिन डी र फस्फोरसको भण्डार पनि हो, जो दिमागका लागि जरुरी हुन्छ।

बच्चालाई फास्टफुड र जंकफुड कुनै पनि हालतमा नदिनुस्, यसमा दिमागको विकासका लागि जरुरी पौष्टिक तत्व हुँदैंन। बच्चाको डाइट चार्ट बनाउँदा चिकित्सकको सहयोग लिन सक्नुहुनेछ।

स्वास्थ्य खबरबाट



अन्तर्राष्ट्रिय अपाङ्ग दिवस– प्रभातफेरी

जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालय, घोराही उप-महानगरपालिकालगायत विभिन्न सङ्घ संस्थाको आयोजनामा ३३औँ अन्तर्राष्ट्रिय अपाङ्ग दिवसका अवसरमा मङ्गलबार दाङको घोराहीमा आयोजना गरिएको प्रभातफेरी कार्यक्रमका सहभागी । तस्विरः कुलदीप न्यौपाने /रासस

# दूध बेचेर वार्षिक ३० लाख आम्दानी

गलकोट । बागलुङ नगरपालिका-१४ नेपानेका ४५ वर्षीय कुमार बस्नेतले व्यावसायिक रूपमा गाईभैँसी पाल्न थालेको १२ वर्ष पुगेको छ । अहिले उनले दूध बिक्री गरेर वार्षिक रु ३० लाख आम्दानी गर्दै आएका छन् ।

दैनिक एक सय लिटरभन्दा बढी दूध उत्पादन गरेर अगुवा कृषकका रूपमा बस्नेत चिनिन्छन् । विसं २०६९ मा तीन वटा भैँसीबाट 'बस्नेत पशुपालन फार्म' सञ्चालन गरेका उनले पलार्ममा अहिले विभिन्न प्रजातिका ११ वटा भैँसी र नौ वटा गाई छन् ।

छ वर्ष साउदी अरब, ११ महिना सिङ्गापुर बसरे फर्किएका बस्नेतले तीन वर्ष बागलुङ बजारमा व्यवसाय सञ्चालन गरेका थिए । व्यापारमा मुनाफा नभएपछि पसल बेचेर पुनःविदेश जाने सोंचमा जापान योजना बनाएका थिए ।

जापान जाने योजनाले पूर्णता नपाएपछि बेचिसकेको पसल पुनः गर्नुभन्दा व्यावसायिक रूपमा गाईभैँसी पाल्ने योजना बनाएर गाउँ फर्किएपछि उनलाई कहिल्यै पछुताउनु परेको छैन । बस्नेतलाई उनकी श्रीमती अप्सराको दरिलो साथ छ । बीस वटा गाईभैँसी, उनीहरूको हेरचाह र सम्पूर्ण व्यवस्थापनको काम बस्नेत दम्पतीले मिलेर गर्ने गरेका छन् ।

दैनिक एक सयदेखि एक सय २० लिटरसम्म दूध उत्पादन गर्दै आएका बस्नेतले मासिक रु दुई लाख ५० हजारभन्दा बढी आम्दानी हुने गरेको बताए । भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र बागलुङको सहयोगमा पोखरा गएर एक हप्ताको तालिमसमेत लिएका उनले बिक्री भएर बाँकी रहेको दूधबाट खुवा र पनिर बनाएर बच्ने गरेको जानकारी दिए । बस्नेतले उत्पादन गरेको दूध नजिकैको नारायणस्थान बजारमा बेच्ने गरेको बताउँदै बजारीकरणको समस्या नरहेको उल्लेख गरे । चैत-बैशाखमा एक सय २० लिटरभन्दा बढी र असार साउनमा ७० लिटरसम्म दूध गाउँमा बिक्री हुने गरेको उनको भनाइ छ । गाउँमा बिक्री भएर रहेको दूध कहिले स्थानीय डेरीलाई बेच्ने, कहिले पर्वतको कुश्मा बजार र बागलुङ बजारमा पठाउने गरेको उनले जानकारी दिए ।

दूध बिक्री नहुँदा, बर्खाको समयमा सडकका कारण ढुवानीमा समस्या हुँदा, पहिरोले सडक सञ्जाल अवरुद्ध हुँदा सयौँ लिटर दूध बिग्रिएर जाने गरेको भए पनि पछिल्लो समय प्राक्टिकल एक्सन नेपालको सहयोगमा डिसिआर डिसी बागलुङले अनुदानमा प्रदान गरेको 'डिप फ्रिज'ले राहत पुगेको बस्नेतले बताए । बैंकबाट कृषि कर्जा लिएको भन्दै जानकारी नभई घटबढ हुने व्यजदरले भने सास्ती दिएको उनको भनाइ छ । भेटेरिनरी अस्पताल, पशुपालक कृषकसँग काम गर्दै आएका सामुदायिक स्रोत विकास केन्द्र (डिसिआरडिसी) र साना किसान सहकारी सङ्घसंस्थाबाट प्राप्त प्रोत्साहनले पशुपालनमा लाग्न सहज वातावरण बनाएको बस्नेतले प्रतिक्रिया दिए । गाईभैँसीलाई खुवाउने घाँस उत्पादन गर्न फार्मको वरिपरि ४० रोपनी जमिन भाडामा लिएर एक सय ५० केजी सुडान छरेको उनको भनाइ छ ।

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र बागलुङबाट प्राविधिक सहयोग, औषधि उपचार र खोपसँगै अनुदान पाएको बताउँदै बस्नेतले लम्पीस्किन रोगले भने तीन वटा गाई र एउटा भैँसी मरेको जानकारी दिए । उनका अनुसार व्यवसाय विस्तारका क्रममा फार्ममा रु ३० लाखभन्दा बढी लगानी पुगिसकेको छ ।

भारतको विहारबाट रु एक लाख ३० हजार तिरेर भैँसी ल्याएको जनाउँदै बस्नेतले ती भैँसीले एक छाकमा १० लिटरभन्दा बढी दूध दिने उल्लेख गए । समग्रमा वार्षिक रूपमा रु ३० लाखभन्दा बढी आम्दानी हुने बताउँदै उनले स्थानीय सरकारले बजार व्यवस्थापनमा सहजीकरण गर्नुपर्नेमा जोड दिए ।

# सम्मान तथा न्यानो कपडा वितरण



देवदह । देवदह नगरपालिकाले अपाङ्गता भएका व्यक्तिहरुलाई सम्मान तथा न्यानो कपडा वितरण गरेको छ । नगरपालिकाले ३३औं अन्तर्राष्ट्रिय अपाङ्गता दिवसको अवसरमा एक कार्यक्रमको आयोजना गरी अपाङ्गता भएकाहरुलाई सम्मान तथा न्यानो कपडा वितरण गरेको हो ।

अपाङ्गता नगरस्तरीय समितिका संयोजक तथा देवदह नगरपालिकाका उप-प्रमुख विद्यालक्ष्मी गुरुङको अध्यक्षता र नगर प्रमुख ध्रुवप्रसाद खरेलको प्रमुख आतिथ्यतामा अपाङ्गता भएकाहरुलाई सम्मान तथा न्यानो कपडा वितरण गरेको हो । देवदह नगरपालिकाभित्र रहेका ६० जना अपाङ्गता भएकाहरुलाई सम्मानसहित न्यानो कपडा ब्ल्याङ्केट प्रदान गरेको हो । नगरपालिकाले प्रत्येक वडामा रहेका ५ जना अपाङ्गतालाई सम्मानसहित न्यानो कपडा ब्ल्याङ्केट प्रदान गरेको हो ।

सो अवसरमा बोल्दै नगर प्रमुख खरेलले अवसर प्राप्त गरे अपाङ्गहरुले पनि सपाङ्ग सरह काम गर्न सक्नेमा जोड दिए । उनले अपाङ्गहरुको आर्थिक अवस्था सुधार गर्ने गरी नगरपालिकाले योजना अगाडि सारेको बताउँदै अपाङ्गहरुलाई सीप प्रदान गरी व्यवसायिक बनाउन नगरपालिका तयार रहेको बताए । उनले आत्मविश्वासका साथ अगाडि बढे हरेक काम गर्न सकिने बताउँदै आफूभित्र रहेको क्षमतालाई व्यवहारमा उतार्न आवश्यक रहेको औंल्याए । उनले अपाङ्गताहरुको समस्या समाधान गर्न नगरपालिका तयार रहेको बताउँदै अपाङ्गताहरुलाई विभिन्न संघसंस्थासँग समन्वय गरेर सहयोग गर्ने गरी अगाडि बढेको जानकारी दिए ।

कार्यक्रममा देवदह नगरपालिका-७, का वडाध्यक्ष कृष्णप्रसाद अधिकारी, कार्यपालिका सदस्य गीता भण्डारीलगायतले आ-आफ्ना भनाइ राखेका थिए । अपाङ्गता नगरस्तरीय समितिका सदस्य एवं अपाङ्ग सेवा समाज देवदहका सचिव धर्मप्रसाद सापकोटाको स्वागत र महिला तथा बालबालिका शाखाका अधिकृत इन्दिरा भुसालको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो ।

# गर्भवती र सुत्केरीलाई पोषण प्याकेज

गुल्मी । गुल्मीको रेसुङ्गा नगरपालिकाले गर्भवती र सुत्केरीलाई पोषण प्याकेज तथा न्यानो कपडा उपलब्ध गराएको छ । चालु आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रमअनुसार नगरपालिकाले चना, अण्डा, आयोडिनयुक्त नुनलगायतका सरसफाइका सामग्री एवं न्यानो कपडा उपलब्ध गराएको हो ।

यस कार्यक्रमअन्तर्गत महिलाहरु प्रथमपटक गर्भ जाँच गरेदेखि चौथो पटक जाँच गर्दासम्म एवं सुनौलो हजार दिनका आमाहरुलाई पोषण प्याकेज तथा सरसफाइका सामग्री उपलब्ध गराइने नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख मञ्जु घर्ती मगरले जानकारी दिइन ।

यो कार्यक्रम चालु आर्थिक वर्षभरि सञ्चालन गर्ने नगरपालिकाको योजना छ । यसका लागि 'आमासँग उपप्रमुख' कार्यक्रम सञ्चालन गरिएको छ । यस वर्ष रु पाँच लाख बजेट विनियोजन गरी नगरले गर्भवती र सुत्केरीका लागि काम गरिरहेको छ । नगरका १४ वडाका १६ स्वास्थ्य संस्थामा महिनाको एकपटक नगरपालिकाको 'आमासँग उपप्रमुख' कार्यक्रम सञ्चालन हुनेछ । यसरी हेर्दा नगरपालिकाभरी एक सय ९२ पटक घुम्ती शिविर प्रदान गरिने स्वास्थ्य शाखा प्रमुख घर्तीले मगर जानकारी दिइन ।

गर्भवतीका लागि भिडियो एक्स-रे

नगरपालिकाको सेवा लिएर स्वास्थ्य संस्थामा जाँदा गर्भवतीका लागि भिडियो एक्स-रेको सुविधा पनि प्रदान गर्ने गरिएको छ । यसका लागि रु दुई लाख विनियोजन गरिएको छ । तालिम प्राप्त जनशक्तिले भिडियो एक्स-रे गर्ने नगरपालिकाले जनाएको छ ।

बाहिर अस्पतालमा भिडियो एक्स-रे गराउँदा एक जनाको रु आठ सयदेखि नौ सयसम्म पर्ने तर नगरपालिकाले निःशुल्क रुपमा भिडियो एक्स-रेको सुविधा दिने वडा नं ८ का वडाध्यक्ष निरञ्जन थापाले बताए । "आगामी दिनमा अपाङ्गता भएका बालबालिका नजन्मिऊन् भन्ने उद्देश्यले यो कार्यक्रमको सुरुआत गरिएको हो", वडाध्यक्ष थापाले भने-"यसले गरिब तथा विपन्न परिवारलाई धेरै नै टेवा पुगेको छ ।"

अस्पतालदेखि टाढा रहेका वडा नं. ५, ६, १०, ११, १२, १३ र १४ वडाका महिलालाई यो कार्यक्रमले धेरै नै लाभ पुग्ने जनाइएको छ । यसै कार्यक्रमअन्तर्गत हालसम्म नगरका ५७ महिलाले भिडियो एक्स-रेको सुविधा लिएका छन् । भिडियो एक्स-रेको समेत सुविधा थप हुँदा यो कार्यक्रमको प्रभावकारिता बढेको छ ।

## पूर्व...

यस्तो 'भेहिकल अण्डरपास' पुल अहिले ललितपुरको ग्वार्कोमा बनिरहेको छ । यस्तै सडक खण्डमा करिब १९ वटा अण्डर र ओभर पासका पुल पैदल यात्रुका लागि बनाइने छ ।

जंगल क्षेत्रमा वन्यजन्तुमैत्री मार्ग बनाइने

सडक खण्डको वनक्षेत्रमा वन्यजन्तुमैत्री सडक बनाउने गरी डिजाइन भएको छ । यो सडकअन्तर्गत सालझन्डी-पिपरा खण्ड,बनगाई-गोरुसिंगे सडक खण्डमा जंगल क्षेत्र छ । विस्तार पछि सडक फराकिलो हुने र सवारीसाधनको गति पनि बढी हुने हुँदा वन्यजन्तु आवतजावत गर्दा अवरोध नहोस् र उनीहरूलाई कुनै प्रकारको क्षति नहोस् भनेर वन्यजन्तुमैत्री अन्डरपाससहित सडक विस्तार गर्न लागिएको हो ।

जंगल क्षेत्रमा बनाइने १९ अन्डरपास मध्ये सालझन्डी-पिपरा खण्डमा चारवटा, कोइली- घेरुवा-बनगाई-गोरुसिंगे जंगलमा १० वटा अन्डरपास बनाइनेछ । जंगल रहेको क्षेत्रमा सडकलाई २४ मिटरको बनाउने र ठाउँ ठाउँमा वन्यजन्तु वारपार गर्न अग्ला पुल बनाइनेछ । वन क्षेत्रका अतिरिक्त बस्ती भएका ठाउँमा भने सडक त्यसको दोब्बर फराकिलो हुनेछ ।

एक सय किलोमिटर प्रतिघण्टाको गतिमा सवारीसाधन गुड्न सक्ने गरी बनाउन लागिएको यो सडक वन्यजन्तुमैत्री तथा वातावरणमैत्री हुने बुटवल-गोरुसिङ्गे-चन्द्रौटा सडक योजना कार्यालय प्रमुख इन्जिनियर कुशलता न्यौपानेले बताइन् ।

## चितवनमा...

गत कात्तिक २ गते काठमाडौंबाट पक्राउ परेका लामिछाने लाई सोही दिन कास्की लगिएको थियो । त्यसपछि रुपन्देही र काठमाडौंमा बयान सकेर उनलाई मंगलबार चितवन लगिएको हो । यसअघि पूर्वडीआईजी छविलाल जोशी र रामबहादुर खन( ाललाई पनि चितवन लगेर बयान गराइएको थियो । रविलाई चितवन ल्याउंदा उनका समर्थकहरुले नाराबाजी र प्रदर्शन गरेका थिए । रास्वपा नेता कार्यकर्ताले रविलाई हिरासत बाहिर राखेर अनुसन्धान गर्न माग गरेका छन् ।

## दुर्गा...

त्यसबेला उनले केही कागजातहरु देखाउँदै प्रधानमन्त्री ओलीले कम्बोडियामा २१ करोड अमेरिकी डलर बराबर लगानी गरेको दाबी गरेका थिए ।

प्रारम्भिक अनुसन्धानबाट प्रसाईंले देखाएका कागजातहरु नै फर्जी भएको खुलेको सीआईबीका प्रमुख एआईजी दिपक थापा बताउँछन् । अहिले प्रहरीले प्रसाईंमाथि व्यवसायीहरुलाई धम्क्याएर चन्दा मागेको आरोपमा पनि अनुसन्धान गरिरहेको छ । प्रसाईंका छोरा निराजन प्रसाईंले आफ्ना बाबुलाई गैर कानूनी रुपमा थुनामा र ाखिएको दाबीसहितसवो च्च अदालतमा आइ( तबार निवेदन दर्ता गरे का छन्।

## बिमालेख हराएको सूचना

मेरो निम्न विवरण भएको लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि.को बिमालेख यही मिति २०८१।०५।१० गते नवलपरासीदेखि बुटवल आउँदै गर्दा बाटोमा हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु होला ।

**नाम** : कपिल कुमार गुप्ता
**ठेगाना** : गुठी प्रसौनी–८,नवलपरासी
**बिमालेख नं.** : २५११०४२४०
**सम्पर्क** : ९८१७४५५३०५

## मोटरसाइकल हराएको सूचना

श्री हुलास फिन सर्भ लि.को मोटरसाइकल यही मिति २०८१।०८।१४ गते राति करिब ९ देखि ११ बजेको समयमा बुटवल-१३ बेल्वासमा पार्किङ्गमा रहेको अवस्थामा हराएको हुँदा भेटाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी अथवा निम्न ठेगानामा सम्पर्क गरी बुझाइदिनु होला ।

| | |
|---|---|
| नामः | दिल बहादुर पुन |
| ठेगानाः- | काठमाडौं महानगरपालिका, काठमाडौं |
| मोटरसाइकल नं.ः- | LU 71 PA 7382 |
| इन्जिन नं.ः- | JLXCML 11193 |
| च्यासिस नं.ः- | MD2A36FX6MCL80026 |
| मोडल ः- | PUL-200 NS ABS |
| मोबाइल नं.ः- | ९८०९७३०६८२ |

## सच्याइएको

यस राष्ट्रिय दैनिक लुम्बिनीमा प्रकाशित मिति २०८१।०८।१८ गतेको पत्रिकामा श्री समईथान सामुदायिक वन उपभोक्ता समूह बुद्धभूमि-३, कपिलवस्तुको काठ दाउराको बोलपत्रद्वारा लिलाम बिक्रीको सूचनामा प्रकाशित भएको मितिले २१ औं दिनभित्रमा बोलपत्र खरिद गरी २२ औं दिनको २ बजेसम्ममा लटको शिलबन्दी बोलपत्र दाखिला हुनुपर्नेमा अन्यथा भएको सच्याइएको छ ।

## श्री साना किसान कृषि सहकारी संस्था लि.

बुटवल–१५ सेमलार, रुपन्देही

**सूचना ! सूचना !! सूचना !!!**

उपरोक्त सम्बन्धमा यस श्री साना किसान कृषि सहकारी संस्था लि. बुटवल-१५ सेमलार, रुपन्देहीको नाममा रहेको मोटरसाइकल लु २० प १३१ बिक्री गर्नुपर्ने भएकोले यस संस्थाको बैठक नं.१९ मिति २०८८१/०६/०६ गतेको निर्णय अनुसार पुरानो मो.सा.लाई बिक्री गरी नयाँ मो.सा. खरीद गर्ने निर्णय भएकाले उक्त मोटरसाइकल लु २० प १३१ मिति २०१४ मोडेल भएको मो.सा खरीद गर्न इच्छुक शेयर धनी महानुभाव तथा गैर शेयर सदस्यलाई आजको मितिले १५ दिन कार्यालय समयभित्र खरिद गर्ने रकम खुलाएर गोप्य कोटेशन पेश गरीदिनुहुनका लागि बिनम्र अनुरोध गदर्छौं ।

**Lumbini Province Government**
**Ministry of Social Development**

## Social Development Division Office

Lumbini Province, Bhairahawa, Rupandehi Nepal

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**Date of publicationM 2081/08/19**

यस कार्यालयबाट प्रकाशित विद्युतीय बोलपत्रको आव्हानको सूचनाअनुसार तोकिएको मितिभित्र विद्युतीय प्रणालीमा दाखिला भएका बोलपत्रहरुमध्ये पत्रमूल्यांकन समितिबाट मूल्यांकन गरी न्यूनतम मूल्यांकित शिलबन्दी दरभाउ पत्र सारभूतरुपमा प्रभावग्राही भएको हुँदा यस कार्यालयको निर्णयअनुसार विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशका २०८० को ३४ (१) र सार्वजनिक खरिद ऐन २०६३ संशोधनसहितको दफा २७ (१) अनुसार तपसिलका शिलबन्दी दरभाउ पत्रदाताहरु सारभूतरुपमा प्रभाव ग्राही न्यूनतम मूल्यांकित शिलबन्दी दरभाउ पत्र दाताको रुपमा छनौट भएको हुँदा सोही ऐनको दफा २७ (२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशति गरिएको छ ।

| S.N | Contract No/IFB | Evaluated Bidder | Evaluated Amount (without Vat and PS) NRs |
|---|---|---|---|
| 1 | SDDO/NCB-06/081/082 | Kotahimai Kanjayamai Construction & Manpower Suppliers Pvt. Ltd. | 1478412.64 |
| 2 | SDDO/NCB–07/081/082 | Jyoti Construction Pvt. Ltd. | 7743777.35 |
| 3 | SDDO/SQ-21/081/082 | Bholebaba Nirman Sewa | 943109.02 |

**Office Chief**

ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

# लुम्बिनी महोत्सवको टिकटले लुम्बिनी केबलकारमा छुट




भैरहवा । भैरहवामा हुने लुम्बिनी राष्ट्रिय महोत्सव अवलोकन गर्न काटेको टिकटले लुम्बिनी केबलकारको टिकटमा पनि छुट हुने भएको छ। महोत्सवको टिकटले केबलकारको ७५० रुपैयाँ दरको टिकटमा छुट गरी ५ सय रुपैयाँ मात्र तिरे पुग्ने गरी सम्झौता भएको छ । लुम्बिनी केबलकार र लुम्बिनी महोत्सव आयोजक संस्था सिद्धार्थ उद्योग वाणिज्य संघबिच भएको सम्झौताअनुसार महोत्सव अवधि र त्यसपछिका १५ दिनसम्म महोत्सवको टिकट लिएर जानेलाई केबलकारको टिकट दर ५ सय रुपैयाँ मात्र लिइने सहमति भएको केबलकारका म्यानेजर प्रज्ज्वल घिमिरेले बताए। मंसिर २० देखि पुस १ गतेसम्म भैरहवाको अञ्चलपुरमा महोत्सव हुँदैछ।

दुई संस्थाबिचको सहमतिले महोत्सव अवलोकन गर्ने दर्शक केबलकार चढ्न चाहेमा सहुलियत भई लाभान्वित हुने संघका वरिष्ठ उपाध्यक्ष नेत्र आचार्यले बताए।

'महोत्सव हेर्न आउने दर्शक महोत्सव अवधिमै वा महोत्सव सकिएको १५ दिनसम्म पनि केबलकार चढ्न चाहेमा छुट पाउने गरी सम्झौता भएको छ, महोत्सव अवलोकन गर्ने दर्शकले यो छुट अवसरको फाइदा लिनुहुनेछ भन्ने हाम्रो विश्वास छ।'- आचार्यले भने।

यस्तै संघले मेला हेर्न आउने आन्तरिक, भारतीय र तेस्रो मुलुकका पर्यटकलाई लक्षित गरी टूर प्याकेज पनि ल्याएको छ।

प्याकेजमा बुद्ध जन्मस्थल लुम्बिनी, तिलौराकोट, देवदह, रामग्राम लगायत बुद्धस्थलसँग सम्बन्धित क्षेत्र समेटिएको छ । संघका अध्यक्ष एवं महोत्सव मूल आयोजक समितिका संयोजक ठाकुरकुमार श्रेष्ठले पुरातात्विक तथा पर्यटकीय स्थलहरुमा विशेष प्याकेज बनाइ भ्रमणको व्यवस्था गराइएको जनाए । 'यसले मेला भर्न आउने दर्शकलाई उत्साह थप्ने हामीले विश्वास गरेका छौं', उनले भने-'ट्राभल एजेन्सीहरुसँग सहकार्य गरी प्याकेज बनाइएको हो।'

आयोजकका अनुसार टूर प्याकेजमा भारतीय र तेस्रो मुलुकका पर्यटकलाई बढी केन्द्रित गरिएको छ। टूर प्याकेज सामान्य अवस्थामा भन्दा ३०-४० प्रतिशतसम्म सस्तो हुनेछ । महोत्सवमा टिकट काटेका आधारमा छुट सुविधा दिइने अध्यक्ष श्रेष्ठले बताए।

**महोत्सवमा कृषि पेभेलियन**

सिद्धार्थ उद्योग वाणिज्य संघ रुपन्दहीको आयोजनामा हुन गइरहेको नवौ लुम्बिनी राष्ट्रिय महोत्सवमा कृषि उत्पादनलाई बजारीकरण गर्न प्राथमिकताका दिँदै पभेलियन बनाइएको छ।

कृषिमा व्यवसायिक विकासका लागि कृषिजन्य बस्तुको उत्पादन, प्रवर्द्धन गर्न कृषि उद्यम र प्रविधिलाई अर्गानिक उत्पादनलाई विशेष प्राथमिकता दिइएको मेला कार्यसम्पादन समिति कृषि उपसमितिका संयोजक यमकला न्यौपानेले जानकारी दिइन।

सिद्धार्थ उद्योग वाणिज्य संघको आयोजनामा मंसिर २० गते देखि हुन गइरहेको पर्यटन महोत्सव कृषि तथा राष्ट्रिय औधोगिक व्यापारमेलामा कृषि प्रवर्द्धनका लागि विभिन्न प्रकारका २ दर्जन बढी प्रदर्शनी स्टलहरू रहने गरी कृषि पेभेलियन बनाइएको बताइन।

मेला अवधिमा किसान, व्यवसायी, कृषि विज्ञ, सरकारी निकाय र कृषिसँग सरोकारवालासँग अन्तरक्रिया पनि रहनेछ । महिला उद्यमी, हस्तकलालाई अवस्था हेरेर ५० प्रतिशत छुट छ। कृषि उत्पादनलाई प्रोत्साहित गर्न प्रधानमन्त्री कृषि आधुनिकरण परियोजनाबाट सिफारिश भएका कृषकका लागि निःशुल्क स्टल उपलब्ध गराइएको न्यौपानेले बताइन।

कृषि पेभिलियनतर्फ अर्गानिक उत्पादनमा पोखरी नै राखी रुपन्देहीको माछा पालनसम्बन्धी प्रदर्शन समेत हुने छ। यस्तै अर्गानिक उत्पादनको विकास, विस्तार र उपभोगको प्रवर्द्धनका लागि अर्गानिक उत्पादन प्रदर्शन तथा बिक्री वितरण गरिने छ । मेलामा कृषिजन्य बस्तुका स्टललाई प्राथमिकताका साथ विशेष छुट प्रदान गरिएको छ । कृषिमा व्यावसायिक विकासका लागि युवा सहभागिता र लगानी अभिवृद्धि गर्नको लागि कृषिमा भएका असल अभ्यास, कृषिमा भित्रिएको नवीनतम प्रविधि, कृषि औजार, मल, परामर्शलगायत स्थानीय उत्पादन समावेश गरिने छ । कृषिका विभिन्न विधा जस्तै कुखुरापालनको अण्डा, माछापालन, बाख्रापालन, गाईभैंसीपालन, डेरी, केरा खेती, च्याउ र च्याउका परिकारहरुको बिक्री तथा प्रदर्शनी गरिनेछ । यस्तै घरेलु अचार, मह, हस्तकलाका सामग्री, गुन्द्रुकलगायतका सामाग्री उत्पादन गरि महोत्सवमा बिक्रीका लागि आउँदैछन्।

यस्तै मुस्ताङको स्याउ, स्याउका परिकारहरु, मर्चवारको तरकारी, प्यासन फल, मकै, दैलेखको गेडागुडीलगायत पूर्वदेखि पश्चिमसम्मका कृषि जन्य उत्पादनहरु मेलाको आकर्षणको रुपमा रहेको छ। हामीले कृषि उत्पादनलाई विगतमा पनि ब्राण्डिङ र पहिचान गरेको हो र अहिले पनि स्पेश दिएका छौं।

उद्योग वाणिज्य संघले २ दशकदेखि नियमित रुपमा मेला गर्दै आएकामा कृषिलाई प्राथमिकता दिँदै आएको अध्यक्ष ठाकुर श्रेष्ठले बताए। उनले कृषकका उत्पादनलाई बजारीकरण गर्न विगतमा जस्तै यस वर्ष पनि महत्वका साथ ठाउँ दिएको बताउँदै कौसीखेतीलाई अभियानकै रुपमा लैजानका लागि मेलामा तालिम प्रदन गरिने छ।

यसका साथै कृषकलाई तालिम र मेला अवधिमा ३ दिन कृषकहरुको जमिनको माटो निःशुल्क परीक्षण समेत गरिने व्यवस्था गरिएको छ।

महोत्सव मूल आयोजक समितिले तराई मात्रै होइन हिमाली तथा पहाडी जिल्लाका कृषिजन्य बस्तुको बिक्रीका लागि मेलामा आउँदैछन्।

काठमाडौं, पोखरा, चितवन, झापा, पश्चिम नवलपरासी, कपिलवस्तु, दाङ, बुटवल, भैरहवा, पाल्पादेखि कर्णाली प्रदेशका जिल्लाहरु दैलेख, सुर्खेत, सुदूरपश्चिमका कैलाली, कञ्चनपुर तथा मनाङ-मुस्ताङका जिल्लाहरुबाट किसान तथा व्यवसायीहरुले स्टल बुक गरेका छन्।

# निजी विद्यालयले नियमविपरीत रकम असुले : नेविसंघ




बुटवल । सत्तारुढ नेपाली कांग्रेसको भातृ संगठन नेपाल विद्यार्थी संघले रुपन्देहीका निजी शैक्षिक संस्थाहरुले विद्यार्थीबाट लाखौ रकम उठाएको आरोप लगाएको छ। यहाँका एक दर्जन निजी शैक्षिक संस्थाहरुले नियमविपरीत ७० लाख बढी रकम उठाएको तथ्याङ्क नेपाल विद्यार्थी संघ रुपन्देहीले आरोप लगाएको हो।

विद्यालयहरुले पूर्ण छात्रवृत्तिमा अध्ययन गरिहेका विद्यार्थीहरुबाट समेत शुल्क उठाएको, निर्धारित शुल्कभन्दा बढी रकम उठाएकोलगायतका गतिवधिहरु भेटिएको नेविसंघका जिल्ला सभापति सन्दिप पाण्डेले दाबी गरे। संघले सञ्चालन गरेको 'मेरो शिक्षा मेरो प्रश्न' अभियानअन्तरगत उच्च माध्यमिक तहमा अध्यापन हुने जिल्लाका निजी शैक्षिक संस्थाहरुमा अनुगमन गर्नेक्रममा निजी विद्यालयहरुको लुटधन्दा फेला परेको संघले जनाएको छ।

संघले प्रमाणसहित बढी रकम असुलेको सार्वजनिक गरेपछि निजी विद्यालयहरुको संरक्षक संस्था हिसानले असुल गरेको स्वीकार गर्दै बढी असुलेको रकम फिर्ता गर्न सहमति समेत जनाएको छ।

अनुगमनका क्रममा बढी शुल्क उठाउने शैक्षिक संस्थालाई रकम फिर्ता गर्न वा समायोजन गर्न संघले दबाब दिएपछि निजी शैक्षिक संस्थाहरुको छाता संगठन हिसान र नेविसंघबिच गत भदौं २५ गते ६ बुँदे सम्झौता भएको सभापति पाण्डेले दाबी गरे । संघको तर्फबाट केन्द्रीय प्रतिनिधि तिलकराम पाण्डे र रुपन्देही सभापति सन्दिप पाण्डेले तथा हिसानको तर्फबाट पूर्व अध्यक्ष तथा सल्लाहकार अनन्तराम शर्मा र अध्यक्ष दिनेश भुसालले हस्ताक्षर गरेको उनको दाबी छ।

हिसानसँगको सहमतिपछि ती विद्यालयहरुले उक्त रकम फिर्ता गर्न तथा समायोजनका लागि तयार भएको नेविसंघका केन्द्रीय प्रतिनिधि तिलकराम पाण्डेयले जानकारी दिए।

सहमतिपछि पनि संघले विद्यालयहरुमा निगरानी राख्ने तथा रकम फिर्ता गरे नगरेको बारेमा स्थलगत अनुगमन गरेपछि सहमति कार्यान्वयन भएको संघका जिल्ला सभापति पाण्डेले जानकारी दिए।

अनुगमनका क्रममा स्थानीय सरकारले समेत फरक-फरक कार्यविधि बनाएर शिक्षा ऐनविपरीत भएको भेटिएको उनले जानकारी दिए। अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन २०७५ ले विद्यार्थी संख्याको आधारमा छावृत्तिको व्यवस्था गर्नका लागि स्पष्ट रुपमा उल्लेख गरे पनि स्थानीय सरकारका ऐन तथा कार्यविधि भने बाझिने खालका भेटिएको उनले बताए । उक्त ऐनको दफा २७(३) अनुसार विद्यालयमा ५ सय जना विद्यार्थी भएमा कूल संख्याको १० प्रतिशत, ५ सयदेखि ८ सय विद्यार्थी भएमा १२ प्रतिशत, ८ सयभन्दा माथि विद्यार्थी संख्या भएमा १५ प्रतिशत पूर्ण छात्रवृत्तिको व्यवस्था गर्नुपर्ने उल्लेख गरिएको छ।

तर, स्थानीय सकारहरुले भने उक्त मापदण्डभन्दा पनि कम विद्यार्थीले छात्रवृत्ति पाउने गरी नियम बनाएको उनले जानकारी दिए । स्थानीय सरकारहरुले आफू अनुकुल ६ प्रतिशतदेखि १० प्रतिशत मात्रै पूर्ण छात्रवृत्ति दिनुपर्ने नियम बनाएको उनले बताए।

नेविसंघले देशव्यापी रुपमा अहिलेको अभियान सञ्चालन गर्ने बताउँदै उनले अब सामुदायिक विद्यालय तथा विद्यालय तहमा हुने शैक्षिक अनियमितताका बारेमा अनुगमन र निगरानी गरीने जानकारी दिए। संघले हालसम्म सञ्चालन गरेका अभियान तथा भावि योजनाबारे मंगलबार बुटवलमा पत्रकार सम्मेलन गरी जानकारी गराएको हो।

समाचार प्रभावः

# शिक्षक सरुवामा बल्ल निर्देशिका खोज्दै वालिङ

**श्रीकृष्ण सिग्देल**

*(वालिङ) स्याङ्जा*

शिक्षक सरुवाको विषयमा विवादमा परेको वालिङ नगरपालिकाले बल्ल शिक्षक सरुवा निर्देशिका अनुसार काम गर्न थालेको छ । मिडियाले कानुन विपरीत शिक्षक सरुवा भन्ने शीर्षकमा समाचार प्रकाशित गरेपछि वालिङ नगरपालिकाले शिक्षक सरुवा निर्देशिका अनुसार काम गर्न थालेको हो। यसअघि पहुँचका आधारमा शिक्षक सरुवा गर्ने र पहुँचका आधारमा शिक्षक नियुक्ति गर्ने प्रचलन वालिङ नगरपालिकामा रहेको थियो । शिक्षक सरुवा निर्देशिका वालिङ नगरपालिकाले अवलम्बन गर्न थालेपछि पहुँच नभएका शिक्षकका लागि यो विधि र प्रक्रियाले फाइदा पुगेको छ।

गत असोजमा वालिङ नगर शिक्षा समितिले विधि र कानुन विपरीत यहाँको रणविर जनहित मावि र महेन्द्र माविका दुई शिक्षकको दरबन्दी मिलानको नाममा सरुवा गरेको थियो।

कानुन मिचेर सरुवा गरिएको भन्दै रणविर जनहित माध्यमिक विद्यालयका बहुमत विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले सरुवा बदर गर्न नगरपालिकामा निवेदन दिएका थिए। अभिभावकको अनुरोधलाई नगरपालिकाले सुनुवाइ नगरेपछि न्याय माग्दै अभिभावकहरु उच्च अदालतको ढोकामा पुग्न बाध्य भएका थिए । शिक्षक सरुवाको विषय न्यायालयमा पुगेपछि बल्ल वालिङ नगरपालिकाको शिक्षा शाखाले शिक्षक सरुवा निर्देशिकाको पूर्णरुपमा अवलम्बन गर्न थालेको देखिन्छ।

अहिले वालिङ नगरपालिकाको वेभसाइड र फेसबुक पेजमा रिक्त पदमा स्थायी शिक्षकसम्बन्धी सरुवा पत्र देखिन थालेका छन् । यो शिक्षक सरुवासम्बन्धी पत्र देखिनुले नगरपालिकाले शिक्षक सरुवा निर्देशिका अवलम्बन गर्न थालेछ भनेर प्रष्ट भन्न सकिने शिक्षा विकास तथा समन्वय इकाई स्याङ्जाका प्रमुख विश्वराज आचार्यले बताए।

'अहिले वालिङमा धमाधम शिक्षक सरुवाका नोटिसहरु आइरहेका छन्,' शिक्षा समन्वय अधिकारी आचार्यले भने-'शिक्षक सरुवा प्रणालीमा विश्वासयोग्य काम भएको छ, यो विधि र प्रक्रिया अवलम्बन गर्दा कुनै शिक्षकले सरुवाका लागि कसैको ढोका कुर्नुपर्दैन र न्यायोचित तवरबाट कार्यसम्पादन हुनेछ।'-आचार्यले भने । शिक्षक सरुवा निर्देशिका अनुसार चल्ने हो भने कुनै शिक्षकले सरुवामा दुःख नपाउने आचार्यको भनाइ छ।

वालिङ नगरपालिकाले शिक्षक सरुवाको विवाद न्यायालयमा पुगेपछि पहिलो पटक कार्तिक २५ गते वालिङ ९ भुम्रे माविका लागि रिक्त रहेको प्राथमिक तहको स्थायी शिक्षक सरुवासम्बन्धी सूचना प्रकाशित गरेको थियो । डेढ महिनाको अवधीमा वालिङमा रिक्त रहेका ४ शिक्षकको विषयमा क्रमश नगरपालिकाले शिक्षक सरुवा निर्देशिका अनुसार सूचना प्रकाशन गरेको देखिन्छ।

जसमा मंसिर ६ गते वालिङ १३ को सरस्वती माविका लागि निमावि तहको स्थायी विज्ञान शिक्षक, मंसिर ९ गते वालिङ ७ गुहेश्वरी आधारभूत विद्यालयका लागि प्रावि स्थायी शिक्षक र मंसिर ११ गते वालिङ ७ कै बालतपस आधारभूत विद्यालयका लागि प्रावि स्थायी शिक्षक सरुवाका लागि सूचना प्रकाशन गरेको छ।

धमाधम शिक्षक सरुवासम्बन्धी सूचना सार्वजनिक गर्न थालेपछि वालिङ नगरपालिका अब कानुनको बाटोमा जान लागेको प्रष्ट भएको छ। शिक्षक सरुवाको विवाद न्यायालयमा नपुगेको भए विद्यालय र नगरपालिका मिलेर करारमा शिक्षक नियुक्ति गर्न सक्ने थिए। बाहिरी जिल्ला वा अन्य पालिकामा सेवा दिँदै आएका वालिङवासी शिक्षकले नगरभित्र आउने मौका पाउने थिएनन्। अब शिक्षक सरुवा निर्देशिका बमोजिम काम गर्न थालेपछि त्यस्ता शिक्षकहरुलाई यो प्रणालीले फाइदा पुग्ने देखिन्छ। यस्ता गृहकार्यले आफूलाई शिक्षकका नेता भन्नेहरु पनि नियमानुसार काम गर्न बाध्य हुनेछन्।

शिक्षकका नेताकै कारण पहुँच नपुगेका धेरै शिक्षकहरु आफ्नै जिल्ला र आफ्नै पालिकामा आउन वञ्चित भएका थिए। शिक्षकहरु सरुवामा कसैको ढोका ढक्ढक्याउन र चाकडी गर्न नपरोस् भनेर नेपाल सरकारको शिक्षा मन्त्रालयले शिक्षक सरुवा निर्देशिका बनाएको छ। उक्त निर्देशिकाले अत्यन्तै सजिलो बाटो हुनेगरी सरुवाको नियम बनाइदिएको छ।

तर कानुन कार्यान्वयन गर्ने निकायका अधिकारीहरु नै शिक्षकका नेताहरुको छायाँमा पर्दा पहुँच नपुगेका शिक्षकहरु सरुवा हुनबाट वञ्चित हुँदै आएका छन्।

यो प्रणालीलाई लागू गर्दा वालिङ नगरपालिकाभन्दा बाहिर रहेका शिक्षकहरुले आफ्नै घरदैलोमा काम गर्ने अवसर पाउने वालिङ नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत गंगालाल सुवेदीले बताए । कानुनअनुसार सबैले काम गर्ने हो भने कसैले दुःख नपाउने उनले जनाए। जिल्लाका ११ ओटा पालिकाले शिक्षक सरुवा निर्देशिका अनुसार काम नगरी कहिलेकाही बेइमानी गर्दै आएको देखिएको छ।

# कुष्ठरोग नियन्त्रण एवं जीवनस्तर सुधार सम्झौता




नवलपरासी । पश्चिम नवलपरासीमा कुष्ठरोग नियन्त्रण र जीवनस्तर सुधारका लागि रामग्राम नगरपालिका र लेप्रोसी मिशनबीच सम्झौता भएको छ।

कुष्ठरोग नियन्त्रणका साथै कुष्ठ प्रभावितको स्वास्थ्य र जीवनस्तर सुधार गर्ने उद्देश्यका साथ नगरपालिकाले द लेप्रोसी मिशन नेपालसँग सम्झौता गरेको हो । आगामी पाँच वर्षका लागि नगरपालिकासँग सम्झौता भएको नगरपालिकाले जनाएको हो।

द लेप्रोसी मिसन नेपालको आर्थिक तथा प्राविधिक सहयोग र नगरपालिकासँगको साझेदारीमा एकीकृत कुष्ठरोग तथा अपाङ्गता कार्यक्रम आगामी पाँच वर्षसम्म सञ्चालन हुने भएको छ।

त्यसका लागि करिब रु दुई करोड बराबरको कार्यक्रम रहेको संस्थाका प्रमुख पराजुलीले जानकारी दिए।

नगर प्रमुख धनपत यादवले नगरपालिकाले लिएको स्वास्थ्य तथा जीविकोपार्जनका लक्ष्य पूरा गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने बताए।

सञ्चालन हुने परियोजनाअन्तर्गत समुदायमा कुष्ठरोग खोजपड्ताल, उद्यमशिलता विकास, लघु उद्यम स्थापना, क्षमता अभिवृद्धि, मानसिक स्वास्थ्य, खानेपानी र सरसफाइ तथा स्वच्छता पूर्वाधार विकासलगायतका विविध क्षेत्रमा काम हुने जनाइएको छ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस्।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

प्रो. मञ्जु एण्ड सन्स्
फोनः ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रूपन्देही
विगत १५ वर्षदेखि तपाईको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरू संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www. dainiklumbini.com